# प्रतिनिधि तथा प्रदेशसभा निर्वाचन-२०७९

## दैनिक अनुगमन प्रतिवेदन

### २०७९ मङ्सिर ३ गते

प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन भोलि मंसिर ४ गते हुँदैछ। निर्वाचनका लागि आवश्यक सम्पूर्ण तयारी पूरा भएको आयोगले जनाएको छ । निर्वाचनको पूर्व सन्ध्यामा निर्वाचनमा खटिएका कर्मचारीलाई कुनै पनि दल तथा उम्मेदवारप्रति झुकाव नराखी काम गर्न निर्वाचन आयोगले निर्देशन दिएको छ ।

आज विशेष निर्देशन जारी गर्दै आयोगले, 'व्यक्तिगत, संस्थागत एवं पदीय रुपमा स्वतन्त्र र निष्पक्ष रही कुनै राजनीतिक दल वा उम्मेदवारप्रति झुकाव नराखी मतदान तथा मतगणना सम्बन्धी कार्य सम्पादन गर्न अनुरोध गरेको छ। 'निर्वाचनको कार्य सम्पादन गर्ने सिलसिलामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभाव, दबाब, भनसुन, धम्की, आदि आउन सक्छन् । तर कुनै आग्रह, पूर्वाग्रहबाट प्रेरित वा प्रभावित नभई निष्ठापूर्वक निर्वाचन सम्पन्न गर्न र गराउन प्रतिबद्ध भएर लाग्नोस् ।' निर्देशनमा उल्लेख छ

राजनीतिक दल वा उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिको स्वार्थ वा प्रभावमा परेर कुनै कार्य गर्न र मतदान तथा मतगणनासम्बन्धी विवाद निरूपण गर्दा पक्षहरूबाट पर्न सक्ने प्रभावबाट स्वतन्त्र रही समाधान गर्न भनिएको छ ।

आयोगको निर्देशनमा नेपालको संविधान, प्रचलित ऐन, कानून, आचारसंहिता, निर्वाचन सम्बन्धी निर्देशिका, कार्यविधि र निर्देशनको पूर्ण रूपमा पालना गर्न, मतपत्र, मतपेटिका वा अन्य निर्वाचन सामग्रीको दुरूपयोग गर्न नदिन भनिएको छ । 'कसैले अवाञ्छित कार्य गर्न खोज्यो भने कानुनबमोजिम प्रतिकार गर्नोस् तर कदापी यस्ता कार्यको मतियार नबनोस्' निर्देशनमा उल्लेख छ। साथसाथै, आयोगले मतदान तथा मतगणनासम्बन्धी कार्य सम्पादनको सिलसिलामा राजनीतिक दल, उम्मेदवार, कर्मचारी, अनुगमनकर्ता, पर्यवेक्षक, नागरिक समाज मिडियाकर्मी मतदातालगायत सबैप्रति आदरभाव र समान व्यवहार गर्न पनि भनेको छ ।

### प्रदेश १

**सोलुखुम्बु प्रतिनिधि अञ्जु कार्की**काअनुसार निर्वाचनको पूर्व सन्ध्यामा माप्य दूधकोशी गाउँपालिका-६ मा नेकपा एमालेका कार्यकर्ता र गठवन्धनका कार्यकर्ताबिच झडप भएको छ। झडपमा संलग्न भएको आरोपमा प्रहरीले माप्य दूधकोशी गाउँपालिका-६ वाकुका २८ वर्षीय विशाल राई, २६ वर्षीय विकास राई र २९ वर्षीय सुजन राईलाई मङ्सिर २ गते गिरफ्तार गरी मङ्सिर ३ गते रिहा गरेको छ। विशाल राई नेकपा एमालेको र विकास र सुजन राई गठवन्धनका कार्यकर्ता रहेको प्रहरीले जनाएको छ। नेचासल्यान गाउँपालिका-४ फुर्के सामुदायिक वन मतदान केन्द्रमा खटिएका मतदान अधिकृत ५६ वर्षीय विल्टु राय मङ्सिर ३ गते सुतेकै ठाउँमा मृत्यु भएको छ ।

**धनकुटा प्रतिनिधि ईश्वर थापा**का अनुसार सागुरीगढी गाउँपालिका-३ मा मतदानमा खटिनु भएकी सहायक कर्मचारीको मङ्सिर २ गते मृत्यु भएको छ ।

**सुनसरी प्रतिनिधि जयकृष्ण यादव**का अनुसार 'स्थिर समय'मा पनि जिल्लामा राजनीतिक दलले निर्वाचन प्रचारप्रसारका लागि राखेका सामग्री हटाएका छैनन् । निर्वाचनको अघिल्लो दिनसम्म पनि राजनीतिक दल र स्वतन्त्रका उम्मेदवारहरूले सार्वजनिक स्थानहरूमा तोरण, व्यानर र झण्डा राखेको भएपनि स्थिर समय अवधिमा समेत नहटाइएको अनुगमनका क्रममा पाइएको छ । नेकपा एमालेबाट निर्वाचन क्षेत्र नं. २ का प्रतिनिधिसभा सदस्य उम्मेदवार भीमप्रसाद आचार्य र प्रदेश २ (ख) का प्रदेशसभा सदस्य उम्मेदवार रामप्रसाद मेहताका कार्यकर्ताहरूले इनरुवा नगरपालिका-९ बबियाको यादवटोल सहित गाउँभरी नै पार्टीको झण्डा स्थिर समयमा टाँगेको पाइएको छ। नेपाली काग्रेंसबाट निर्वाचन क्षेत्र नं. २ का प्रतिनिधिसभा सदस्य पदका उम्मेदवार सिताराम मेहता र प्रदेश २ (ख) का प्रदेशसभा सदस्य उम्मेदवार

राजीव कोइरालाका कार्यकर्ताहरूले इनरूवा नगरपालिका-९ बबियाको भगवती मन्दिरसहित गाउँभरी नै पार्टीको झण्डा र चुनाव चिन्ह भएको झण्डा टाँगेको पाइएको छ । सुनसरी निर्वाचन क्षेत्र नं.४ मा सरकारका प्रवक्ता एवम् सञ्चार तथा सूचना प्रविधि मन्त्री तथा कानुन मन्त्री ज्ञानेन्द्रबहादुर कार्की र प्रदेशसभा ४ (ख) उम्मेदवार हाजी इसराइल मसुरीका कार्यकर्ताहरूले निर्वाचन आचारसंहिता ०७९ उल्लङ्घन गरेको पाइएको छ । निर्वाचन क्षेत्र न. ४ मा नेकपा एमालेका प्रदेशसभाका उम्मेदवार जगदिशप्रसाद कुसियैतका कार्यकर्ताले निर्वाचन आचारसंहिता विपरित राखेको झण्डाहरू स्थिर समयका बेलासमेत नहाटाएको पाइएको छ । निर्वाचन आचारसंहिता ०७९ मा धार्मिक, साँस्कृतिक, पुरातात्विक, ऐतिहासिक स्थल वा सार्वजनिक संस्थाको भवन, स्मारक, पर्खाल, सडक, खम्बा वा संरचना लगायतका कुनै पनि सार्वजनिक स्थानमा पर्चा टाँस्न वा टाँग्न निषेध गरिएको छ ।

**उदयपुर प्रतिनिधि राकेश नेपाली**का अनुसार मङ्सिर २ गते राति उदयपुरगढी गाउँपालिका-७ र ८ को मध्यभागको जङ्गल र त्रियुगा नगरपालिका-१६ को जङ्गलमा बम विस्फोट भएको छ । दुई ठाउँमा बम विस्फोट भएपनि सुरक्षा निकायले भने उदयपुरगढीमा भएको विस्फोटको मात्र पुष्टि गरेको छ। प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमले मङ्सिर २ गते राती करिब ११:४५ बजेको समयमा जङ्गलमा बम पड्किएको बताउनु भएको छ । बम विस्फोटसँगै प्रहरीले जिल्लामा सुरक्षा सर्तकता र निगरानी बढाएको छ । घटनाको हालसम्म कुनै पक्षले जिम्मा लिएको छैन । नेकपा माओवादी विप्लव समूहले निर्वाचन वहिस्कार गरेकाले सो विष्फोटमा सोही समूहको संलग्नता हुन सक्ने प्रहरीको भनाइ छ ।

**ओखलढुङ्गा प्रतिनिधि सरस्वती बानिया**का अनुसार मोलुङ गाउँपालिका-३ र ४ को सिमाना जोड्ने पक्की पुलको छेउमा मङ्सिर ३ गते बिहान फेला परेको प्रेसर कुकर बम जस्तो देखिने दुई ओटा शङ्कास्पद वस्तु नेपाली सेनाले डिस्पोज गरेको छ । नेपाली सेनाको अरिदमन गण ओखलढुङ्गाबाट खटिएको बम डिस्पोज टोलीले बम डिस्पोज गराएको हो । पुलको छेउमा स्थानीयले बिहान शङ्कास्पद वस्तु देखेपछि प्रहरीलाई खबर गरेका थिए। शङ्कास्पद वस्तु फेला परेलगत्तै नेपाली सेनाको बम डिस्पोज टोलीले डिस्पोज गरेको छ ।

**मोरङ प्रतिनिधि विनोद सुवेदी**का अनुसार मोरङ क्षेत्र नम्बर ६ अन्तर्गत सुन्दरहरैचा नगरपालिका-३ मा मतदातालाई प्रभाव पार्ने उद्देश्यले लैजाँदै गरेको ८० बोरा चामल स्थानीयले नियन्त्रणमा लिएर प्रहरीलाई बुझाएका छन् । निर्वाचनको स्थिर अवधि सुरू भएको बेला मङ्सिर २ गते बिना लेबल र ब्राण्डको सेतो सादा बोरामा प्याक गरिएका ५ सय बोरा चामल ट्रकबाट अनलोड गरिएपछि स्थानीयले आशंका गर्दै सम्बन्धित निकायमा जानकारी गराएका हुन् । मोरङका प्रमुख जिल्ला अधिकारी काशीराज दाहालले घटनामा सम्बन्धमा छानबिन गरिने बताउनु भएको छ । विराटनगर महानगरपालिका-३ पुष्प मार्गमा मङ्सिर ३ गते बिहान फेला परेको बमजस्तो शङ्कास्पद वस्तु नेपाली सेनाले डिस्पोज गरेको छ । सडकको छेउमा स्थानीयले बिहान साढे ६ बजेतिर शङ्कास्पद वस्तु देखेपछि प्रहरीलाई खबर गरेका थिए । शङ्कास्पद वस्तु फेला परे लगत्तै नेपाली सेनाको बम डिस्पोज टोलीले डिस्पोज गरेको हो ।

## मधेस प्रदेश

**सिरहा प्रतिनिधि दुर्गा परियारका अनुसार** मौनअवधिमा रकम बाडेको आरोपमा प्रहरीले नवराजपुर गाउँपालिका–५ बाट जसपाका दुई जना कार्यकर्तालाई रकमसहित मङ्सिर २ गते गिरफ्तार गरेको छ । गिरफ्तार भएकाहरूमा नवराजपुर गाउँपालिका–५ का ३५ वर्षीय बिनोद यादव र नागेश्वर यादव रहेको जिल्ला प्रहरी कार्यालय, सिरहाका डिएसपी सुवास बुढाथोकीले बताउनु भयो । दलको चुनाव चिन्हमा छाप लागेको मतपत्र र नगद ३ लाख ४७ हजार ८ सय २० रुपियाँ बाँड्दै गरेको अवस्थामा प्रहरीले रकमसहित गिरफ्तार गरेको डिएसपी बुढाथोकीले बताउनु भयो । गिरफ्तार भएका दुवै जनालाई निर्वाचन कार्यालयको निर्देशन अनुसार कारबाही प्रकृया अगाडि बढाउने डिएसपी बुढाथोकीले जानकारी दिनु भयो ।

**धनुषा प्रतिनिधि दिपेन्द्र प्रसाद सिंहकाअनुसार** मङ्सिर ४ गते हुन लागेको प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनको सम्पूर्ण तयारी पूरा भएको मुख्य निर्वाचन कार्यालय जनकपुरधामका मुख्य निर्वाचन अधिकृत ब्रजेश प्याकुरेलले जानकारी दिनुभएको छ । निर्वाचन केन्द्रमा सुरक्षा व्यवस्था कडा गरिएको छ । मतदान केन्द्रहरुमा निर्वाचन सामाग्री, मतपत्रसहित मतदानमा खटिने कर्मचारीहरुको खटि सकेको उहाँले बताउनु भयो ।

**महोत्तरी प्रतिनिधि अजयकुमार साहका अनुसार** महोत्तरी निर्वाचन क्षेत्र नं. १ 'ख' का स्वतन्त्र उम्मेदवार बिष्णुबहादुर योन्जन चढेको गाडीबाट १ लाख ५० हजार रुपियाँ रकम बर्दिवास नपा-११ स्थित खयरमाराको पाँचे टोलबाट बरामद गरिएको छ । मङ्सिर २ गते साँझ पाँचेटोलमा पुगेका योन्जनको गाडीबाट उक्त रकम फेला पारिएका जिल्ला प्रहरी कार्यालय एसपी कृष्ण पगेनीले जानकारी दिनु भयो । बर्दिवासबाट नेकपा एमालेको सूर्य चिन्हमा स्वस्तिक छाप लागेको मतपत्र बोकेको भारतीय गाडी प्रहरीले नियन्त्रणमा लिएको छ । मङ्सिर २ गते राती बर्दिवास नपा-३ स्थित गौरीडाँडाबाट स्वस्तिक छाप लगाएको मतपत्र बोकेको एच आर ३६ एस ५४७१ नम्बरको भारतीय नम्बरको गाडी नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका एसपी कृष्ण पंगेनीले जानकारी दिनु भयो । सूर्य चिन्हमा स्वस्तिक छाप लगाएको २ सय ६२ थान नमूना मतपत्र फेला परेपछि गाडी नियन्त्रणमा लिएको महोत्तरी प्रहरीले जनाएको छ । पक्राउ परेको गाडी इलाका प्रहरी कार्यालय, बर्दिवासको नियन्त्रणमा रहेको एसपी पंगेनीले जानकारी दिनु भयो ।

**रौतहट प्रतिनिधि कोपिला तिमल्सिनाका अनुसार** रौतहट क्षेत्र नं. ४ का प्रतिनिधि सभा सदस्यका उम्मेदवार देवीप्रसाद तिमल्सिना र माओवादीका प्रदेश सभा सदस्य (क) का उम्मेदवारले मङ्सिर २ गते राति चन्द्रपुर नपा-२ कलटोलमा निर्वाचन आंचारसंहित उल्लङ्घन गरेको भन्दै नेकपा एमालेका युवाहरुले विरोध गरेका छन् । गठबन्धनका तर्फबाट प्रतिनिधि सभाका उम्मेदवार रहेका नेपाली कांग्रेसका तिमल्सिना नि. वर्तमान सांसद हुन् । तिमल्सिना नेतृत्वमा करिब ६० जना भन्दा बढीको सङ्ख्यामा र सशस्त्र प्रहरीको स्कर्टिङमा गाउँमा आएको एमाले स्थानीय शम्भु थापाले बताउनु भयो । स्थानीय युवाहरुले विरोध गरेपछि तिमीहरूले के गर्न सक्छौ ? हाम्रै सांसद त होनी भन्दै हातपात उत्रेको थापाको आरोप रहेको छ ।

**सप्तरी प्रतिनिधि मनोहर पोखरेलका अनुसार** मधेसी आयोगका सदस्य आभासेतु सिंहले सप्तरी निर्वाचन क्षेत्र २ का प्रतिनिधि सभा सदस्यका उम्मेदवार जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवविरुद्ध र अर्का उम्मेदवार जनमत पार्टीका अध्यक्ष सिके राउतको पक्षमा खुलेर प्रचार गर्नु भएको छ । संवैधानिक पदाधिकारीहरु कुनै दल वा उम्मेदवारको पक्ष वा विपक्षमा लाग्न र प्रचारप्रसारमा संलग्न हुन नपाउने तथा कुनैपनि दल वा उम्मेदवारको प्रचारप्रसारका लागि सामाजिक सञ्जाल प्रयोग गर्न नपाउने नियम छ । सिंहले भने आफ्नो फेसबुकमा लेख्नु भएको छ "मधेसी दलको मशिहा भनाउने उपेन्द्र यादव ज्यूको मंचमा मधेशी महिलाको चरित्र हत्या भएकोमा म खेद प्रकट गनै चाहन्छौं । कृपा आफ्नो कुर्सीका लागि मधेसी महिलाको अस्मिता न बेच्न खबरदारी गर्न चाहान्छौं ।"

## बागमती प्रदेश

**इन्सेक दोलखा प्रतिनिधि उद्धव पोखरेल**का अनुसार निर्वाचन आयोगका आयुक्त र सुरक्षा निकायका प्रमुखहरूले दोलखाको मतदान केन्द्रको निरीक्षण गरेका छन् । प्रदेश र प्रतिनिधिसभा सदस्य निर्वाचनको अघिल्लो दिन आज निर्वाचन आयोगका आयुक्त रामप्रसाद भण्डारी सहितको टोलीले दोलखाको मतदान केन्द्रको निरिक्षण गरेको हो । दोलखाको मतदान केन्द्रको अवस्था, शान्ति सुरक्षाको अवस्था लगायतको निरिक्षणका लागि निर्वाचन आयोगका आयुक्त भण्डारी, आयोगका सचिव गोकर्णमणि दुवाडी, गृहसचिव विनोद प्रकाश सिंह, प्रहरी महानिरिक्षक (आईजीपी) धिरजप्रताप सिंह र सशस्त्र प्रहरी बलका (आईजीपी) राजु अर्याल लगायतको टोलीले आज मेलुङ गाउँपालिकाको एउटा मतदान केन्द्रको अनुगमन तथा निरीक्षण गरेको हो । मेलुङ गाउँपालिका वडा नम्बर ६ स्थित त्रिभुवन माविमा पुगेर उनीहरूले निरीक्षण गरेका

छन् । हेलिकप्टर मार्फत आएको सो टोलीले जिल्लाको अन्य मतदान केन्द्रको विषयमा पनि प्रमुख जिल्ला अधिकारी र सुरक्षा निकायका प्रमुखहरूसँगबाट जानकारी लिएका छन् ।

**इन्सेक सिन्धुपाल्चोक प्रतिनिधि नातिबावु धिताल**का अनुसार गठबन्धनमा संलग्न नेकपा माओवादी केन्द्रका कार्यकर्ताहरूले ०७९ मङ्सिर ३ गते दिउँसो नेकपा एमालेका तर्फबाट प्रतिनिधि सभा २ अन्तर्गत प्रदेशसभा 'क' का उमेद्वार अमानसिं तामाङका छोरा छत्र तामाङलाई मेलम्चीबाट चौतारा आउँदै गरेको अवस्थामा इन्द्रवती गाउपालिका-७ स्थित गहतेमा पैसा बाँड्न हिँडेको आरोपमा आक्रमण गरी कुटपिट गरेका छन् । कुटपिटबाट सामान्य घाइते भएका तामाङलाई प्रहरीले उद्धार गरी सदरमुकाम पुऱ्याएको छ । पीडितको तर्फबाट घटनामा संलग्नविरुद्ध जिल्ला प्रहरी कार्यालयमा उजुरी दिने तयारी भएको उम्मेदवार अमानसिं तामाङले बताउनु भयो ।

**इन्सेक रसुवा प्रतिनिधि हेमनाथ खतिवडा**का अनुसार रसुवाको मतदान केन्द्र अपाङ्गमैत्री नभएकोले समस्या मतदाताले गुनासो गरेका छन् । रसुवाको कालिका हिमालय क्याम्पस बाहेक अन्य मतदान केन्द्रलाई अपाङमैत्री भन्न नमिल्ने अवस्थाका छन् अपाङ्ग मैत्री हुनला लागि धेरै कुरा चाहिन्छ तर अरु केन्द्र ह्विलचेयरसमेत जान नसक्ने अवस्थाको जिल्ला निर्वाचन कार्यालयका प्रमुख श्रीराम थापाले बताउनुभयो । मतदान अधिकृतलगायत कर्मचारीहरूले मतदान केन्द्र निर्माण कार्य सबै ठाउँमा सम्पन्न भएको थापाले बताउनुभयो ।

**इन्सेक धादिङ प्रतिनिधि सीताराम अधिकारी**का अनुसार गोरखा जिल्लामा मतदान गर्ने मतदातालाई धादिङको मलेखुमा भोजको व्यवस्था गरिएपछि खाना खाने होटलमा लामो लाइन लागेको छ । गठबन्धनको लागि मतदान गर्नेहरूलाई ल्याइएको सवारी साधनको लामो लाइन मलेखुमा रहेको छन् ।

२५ आटो भन्दा ठूला गाडी र २० भन्दा बढी साना चारपाङ्ग्रे गाडी रोकेर खाना खाइरहेको वेला निर्वाचन पर्यवेक्षक र पत्रकारहरू पुगेका थिए । बिहानदेखिको खानाको लाइन दिनभर भएको र कुपन लिएर निःशुल्क खाना होटलवालाले दिएको स्थानीय रामहरि बराकोटीले बताउनुभयो । गोरखाका १० हजार मतदातालाई खानाको अर्डर आएको होटलवालाका एक कर्मचारीले जानकारी दिए । निर्वाचन आचारसंहिता विपरीत ठूलो सङ्ख्यामा खाना खुवाएर निर्वाचन कानुन लत्याएको सो क्षेत्रका बासिन्दाको भनाइ छ ।

**यसैबीच,** जिल्लामा निर्वाचन तयारी सम्पूर्ण रूपमा पूरा भएको छ । १ सय १४ मतदान स्थलमध्ये १ सय ४ मतदान स्थल अतिसंवेदनशील रहेको धादिङमा २ लाख ६५ हजार ९ सय ९६ मतदाता रहेका छन् । उच्च हिमाली रुबीभ्यालीको पुरु र नेवेरमासमेत मतदान स्थल निर्माण भएको छ । निर्वाचनका लागि कर्मचारी तयारी अवस्थामा रहेको ४ गते बिहान ७ बजेबाट मतदान सुरु हुने धादिङ क्षेत्र नम्बर १ का निर्वाचन अधिकृत कृष्ण कार्कीले जानकारी दिनुभयो । जिल्लाभर शान्तिपूर्ण अवस्था रहेको र कर्मचारी समेत तयारी अवस्थामा रहेकाले शान्तिपूर्ण तरिकाले मतदान गर्न मतदातालाई मुख्य निर्वाचन अधिकृत स्वकृति पराजुलीले आग्रह गर्नु भएको छ । जिल्लाभर सुरक्षा व्यवस्था राम्रो रहेको पराजुलीको भनाइ छ ।

**इन्सेक नुवाकोट प्रनिनिधि नवदीप श्रेष्ठ**काअनुसार निर्वाचन आयोगले मतगणनास्थलमा तारजाली लगाउन बाध्यकारी व्यवस्था नगरे पनि नुवाकोटमा मतगणनास्थलमा तारजाली लगाइएको छ । मुख्य निर्वाचन अधिकृतको कार्यालय रहेको जिल्ला अदालतमा चार ओटा गणनास्थल बनाइएको छ । आयोगले तारजाली लगाउन बाध्यकारी व्यवस्था नगरे पनि गणनामा कुनै समस्या नआओस् भनेर जाली लगाइएको मुख्य निर्वाचन अधिकृत मदनबहादुर धामीले बताउनुभयो । नुवाको क्षेत्र नं. १ का निर्वाचन अधिकृतको कार्यालयमा पनि गणनास्थलमा तारजाली लगाइएको छ । 'खुला राख्दा गणनास्थलमा उम्मेदवारका प्रतिनिधिहरूले आवेगमा कुनै अवरोध सिर्जना गर्न सक्छन् । सहज गणनाको लागि तारजाली लगाइएको हो' क्षेत्र नं. १ का निर्वाचन अधिकृत टेकराज भुसालले भन्नुभयो ।

यस्तै, जिल्लामा आचारसंहिता अनुगमन समितिमा आचारसंहिता उलङ्घनका आठ ओटा लिखित उजुरी परेको समितिका संयोजक तथा मुख्य निर्वाचन अधिकृत धामीले जानकारी दिनुभयो । पैसा बाढेको

आरोप लागेको क्षेत्र नं. १ का एमाले बद्री मैनालीको उजुरी आयोगमा पठाइएको छ अन्य उजुरीउपर जिल्लामै कारबाही चलाइएको धामीको भनाइ छ ।

**इन्सेक काठमाडौँ प्रतिनिधि विमल पौडेल**का अनुसार निवार्चन बहिस्कारको माग गर्दै निर्वाचन आयोग अगाडि कालो झण्डा देखाउने मोहन वैद्य नेतृत्वको नेकपा क्रान्तिकारी माओवादीको विद्यार्थी संगठन अखिल क्रान्तिकारीका अध्यक्ष हरिकृष्ण गजुरेलसहित सात जना कार्यकर्तालाई प्रहरीले कान्तिपथबाट गिरफ्तार गर्‍यो । गिरफ्तारी भएकाहरूलाई प्रहरी वृत्त, दरबारमार्गमा राखिएको जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता एसपी दिनेशराज मैनालीले जानकारी दिनुभयो ।

काठमाडौँको प्रतिनिधिसभा निर्वाचन क्षेत्र नंबर ८ अन्तर्गतको नागार्जुन नगरपालिका-५ स्थित हरिसिद्धीमा भेटिएको शंकास्पद बस्तु नेपाली सेनाको टोलीले निष्कृय पारेको छ । नेपाली सेनाको टोलीले निष्क्रिय बनाएको हो । मङ्सिर २ गते भेटिएको उक्त बस्तु सेनाको कालिध्वज गणबाट खटिएका सेनानी रोशन लामिछाने नेतृत्वको टोलीले निष्कृय पारेको प्रहरी वृत्त स्वयम्भूका डिएसपी राज बाबु महर्जनले जानकारी दिनुभयो । निर्वाचन आयोगले त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल महाराजगञ्ज, काठमाडौँमा कार्यरत कर्मचारी सुदर्शन बस्नेतलाई स्पष्टीकरण सोधेको छ । आफ्नो फेसबुक पेजमार्फत राजनीतिक दलको चुनावी प्रचारप्रसार गरेको भनी उजुरी परी राष्ट्रिय सतर्कता केन्द्रमार्फत आयोगमा उजुरी आएपछि आयोगले स्पष्टीकरण सोधेको हो ।

त्यसैगरी, निर्वाचन आयोगले शहरी विकास मन्त्रालयका सचिव डा. रमेश सिंहलाई स्पष्टीकरण सोधेको छ । मतदाता प्रभावित गर्नेगरी निर्वाचन क्षेत्रमा प्रवेश गरेको भन्ने समाचार सार्वजनिक भएपछि आयोगले मङ्सिर २ गते डा. सिंहलाई स्पष्टीकरण सोधेको हो ।

निर्वाचन आचारसंहिता, २०७९ को दफा ७ को खण्ड (क) अनुसार नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह अन्तर्गतका निकाय, अर्धसरकारी तथा सार्वजनिक संस्था र सोमा कार्यरत कर्मचारीले कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसारमा संलग्न हुन वा प्रचारप्रसार गर्न नहुने व्यवस्था छ ।

**इन्सेक भक्तपुर प्रतिनिधि रमेश गिरी**का अनुसार प्रतिनिधि तथा प्रदेश सभाको निर्वाचनको एक दिन अगाडि २ गते मौन अवधिमा गठबन्धनमा संलग्न दलहरूले आचार संहिता उल्लङ्घन गरेका छन् । मध्यपुरथिमि नगरपालिका-३ कौशल्टार सागबारीमा नेकपा माओवादी केन्द्रका युवा नेता नरेश रंजितसहित नेपाली कांग्रेसका युवाहरूको नेतृत्वमो खुल्ला भेला सुरु गरे लगत्तै प्रहरीले हस्तक्षेप गरेको छ । मौन अवधिमा गठबन्धनका उम्मेदवार नेपाली कांग्रेसका जिल्ला सभापति दुर्लभ थापासहितको उपस्थिति गराएर सागबारीस्थित ब्याडमिन्टर कोटको ग्राउण्डमा गठबनधन दलका केही नेता र कार्यकर्ता भेला भएर गठबन्धनलाई जिताउनेबारे छलफल भइरहेको पाइए पछि महानगरीय प्रहरी बृत्त थिमीबाट प्रहरी इन्स्पेक्टरको टोलीमा गएको प्रहरी टोलीले भेलालाई तितरबितर पारेका हो ।

**इन्सेक ललितपुर प्रतिनिधि दीपकप्रसाद घिमिरे**को प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा ललितपुरका सबै मतदान केन्द्रहरूमा बुथ बनाउने काम सम्पन्न भएको मुख्य निर्वाचन अधिकृत पौडेलले जानकारी दिनुभएको छ । ललितपुरका ३ वटै निर्वाचन क्षेत्रमा २ सय ५१ जनाभन्दा बढी मतदाता भएको मतदान केन्द्रमा ८ देखि ९ जनाका दरले कर्मचारी र मतदान अधिकृतले आवश्यकताका आधारमा स्वयम्सेवक परिचालन गर्ने जिल्ला निर्वाचन अधिकारी गोमा घिमिरे धमलाले जानकारी दिनुभयो ।

**इन्सेक सिन्धुली प्रतिनिधि नविनबावु अधिकारी**का अनुसार कमलामाई नगरपालिका-४ साङबालेबाट ५८ वर्षीय ढकप्रसाद देवकोटालाई प्रहरीले मङ्सिर ३ गते गिरफ्तार गरेको छ । निर्वाचन बहिस्कार सम्बन्धि पर्चा बढ्दै गरेको अवस्थामा देवकोटालाई गिरफ्तार गरिएको जिल्ला प्रहरी कार्यालय सिन्धुलीका डिएसपी हरिकृष्ण केसीले जानकारी दिनुभयो । गिरफ्तार गरिएका देवकोटा देशभक्त गणतान्त्रिक मोर्चा सिन्धुलीका संयोजक हुनुहुन्छ। उहाँको साथबाट २६० थान पर्चा समेत बरामद गरिएको उहाँले जानकारी दिनुभयो । मुख्य निर्वाचन अधिकृत उपेन्द्रप्रसाद गौतमले जिल्लाका सबै मतदान केन्द्रहरूमा बुथ निर्माण कार्य भै रहेको जानकारी दिनुभयो । धेरै जसो मतदान स्थ्लमा बुथ निर्माण र

सर्वदलीय बैठक पनि सम्पन्न भएको र अन्य स्थानमा बुथ निर्माणको कार्य भै रहेको बताउनुभयो । शान्तिपूर्ण तरिकाले निर्वाचनका गतिविधिहरू संचालन भएको उहाँको भनाई छ ।

**इन्सेक मकवानपुर प्रतिनिधि पुष्पराज अधिकारी**का अनुसार मङ्सिर ४ गतेको प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि मकवानपुर जिल्लाका सबै मतदानस्थलका केन्द्रहरूको तयारी पुरा भएको छ । प्रतिनिधिसभाको दुई र प्रदेशसभाको चार ओटा निर्वाचन क्षेत्र रहेको मकवानपुरमा १६७ ओटा मतदानस्थल र दुई अस्थायी सहित ३ सय ६४ ओटा मतदान केन्द्र छन् । मतदानकेन्द्र मध्ये मकवानपुर प्रतिनिधि सभा क्षेत्र नं. १ मा १ सय ७२ ओटा र प्रतिनिधि सभा २ मा १ सय ९२ मतदान केन्द्र रहेका छन् । निर्वाचन केन्द्रमा खटिएका कर्मचारी तथा सुरक्षाकर्मीहरूले मतदानकेन्द्रमा मतदानलाई व्यवस्थित गर्न स्थानीय राजनीतिक दलसँग सर्वदलीय बैठक राखी आवश्यक मतदान केन्द्र निर्माण कार्यहरू सम्पन्न गरेका मकवानपुरका मुख्य निर्वाचन अधिकृत ऋषिराम निरौलाले बताउनुभयो । निर्वाचनका लागि जिल्लामा ३ हजार जना कर्मचारी परिचालन गरिएको उहाँले बताउनुभयो ।

**इन्सेक चितवन प्रतिनिधि दीपेन्द्र अधिकारी**का अनुसार नेकपा विप्लव समूहले चितवनको निर्वाचन क्षेत्र ३ प्रदेश ख का उम्मेदवार ठाकुर ढकाललाई कारबाहीको चेतावनी दिएको छ । उहाँ माडी नगरपालिकाको निवर्तमान नगर प्रमुख समेत हुनुहुन्छ । नगर प्रमुख हुँदा भूमाफियासँग मिलेको, जग्गा खण्डिकरण गरेको, एमसीसीको पक्षमा वकालत गरेको भनी नेकपाका जिल्ला सेक्रेटरी रुद्र सी ले मङ्सिर १ गते विज्ञप्ती निकालि कारबाहीको चेतावनी दिएका हुन् । भरतपुर महानगरपालिकाको दुई स्थानमा मङ्सिर ३ गते साढे १२ बजे कुकर बम फेला परेको छ । भरतपुर-१० भरतपुर आँखा अस्पताल अगाडि बाइपास रोड र भरतपुर नगरपालिका-१२ आस्था चोकस्थित पूर्व-पश्चिम राजमार्गमा कुकर बम फेला परेको हो । कालि बहादुर गण भरतपुरको टोलीले मङ्सिर ३ गते विहान साढे ३ बजे उक्त वस्तु डिस्पोज गरेको जिल्ला प्रहरी कार्यालय चितवनका प्रवक्ता विजयराज पण्डितले जानकारी दिनुभयो ।

## लुम्बिनी प्रदेश

**पाल्पा प्रतिनिधि यज्ञमूर्ति तिमिल्सिना**का जिल्लाका सबै मतदान केन्द्रमा कर्मचारीहरू मङ्सिर १ गते नै पुगिसकेको र सबै मतदान केन्द्रमा स्थानीय दलहरूबिच समन्वय बैठक सम्पन्न हुनुका साथै मतदान केन्द्र व्यवस्थापन तयारी पूरा भएको छ । कर्मचारी तथा सुरक्षाकर्मी निर्वाचन सामग्रीसहित मतदानस्थलमा पुगेको मुख्य निर्वाचन अधिकृत कमलराज विष्टले बताउनु भयो । मौन अवधि सुरूमा आचार संहिता उल्लङ्घनका उजुरीहरू नपरेको र केही मौखिक उजुरी आएकोमा सम्बन्धित पक्षको ध्यानाकर्षण गराइएको विष्टले बताउनु भयो ।

**दाङ प्रतिनिधि जयनारायण पुन**का अनुसार तुलसीपुर उपमनपा-१३ बबई पुल नजिकै भेटिएको शङ्कास्पद वस्तुको नेपाली सेनाले डिष्पोज गरेको छ । प्रात भ्रमणमा हिडेका स्थानीयले मङसिर ३ गते बिहान पुल नजिकै उक्त वस्तु देखेपछि प्रहरीलाई खबर गरेका थिए । उक्त वस्तु अग्नी नियन्त्रणका लागि राखिने सिलिण्डरमा तार जोडिएको अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालयका डिएसपी राजन गौतमले जानकारी दिनुभयो । १९ नं. बाहिनी तुलसीपुरबाट गएको नेपाली सेनाको बम डिस्पोजल टोलीले निष्क्रिय गरेको छ ।

**बाँके प्रतिनिधि लक्ष्मी थारू**का अनुसार प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन मतदान स्थलमा सुरक्षा व्यवस्थापन कडा पारिएको छ । जिल्लामा निर्वाचन मतदान केन्द्रको तयारी धेरै स्थानमा भइसकेको र आज साँझ सम्म सबै मतदान केन्दमा तयारी पुरा हुने र हाल सम्म बाँके जिल्लाको अवस्था सामान्य रहेको जिल्ला निर्वाचन अनुगमन अधिकृत खडानन्द अधिकारीले बताउनु भयो । नेकपा माओवादी केन्द्रकाबाट प्रदेश सभा सदस्य क्षेत्र नम्बर ३ (क)का आइपी खरेलले आफू चौथो महाधिवेशनको आन्दोलनबाट जोडिएको र आन्दोलनमा लागेको भन्दै सोही पदका उम्मेदवार दलबहादुर सुनारलाई साझाको भ्रष्टाचारमा प्रकाउ परेका हुन भनि फेसबुक वालमा मौन अवधिमा मङ्सिर ३ गते पोष्ट गरेका

थिए । नेकपा माओवादी केन्द्रका क्षेत्र नम्बर १ का उम्मेदवार महेश्श्वर गहतराजलाई पनि फेसबुक पेजमा मौन अवधिमा मतदान गर्न आह्वान गरेको पाइएको छ ।

**इन्सेकका पर्यवेक्षक महेन्द्र राना**का अनुसार बैजनाथ गाउँपालिकाका मतदान स्थलको महिला पुरूषको लाइन र अपाङ्गता भएका र गर्भवतीहरूका लागि लाइन व्यवस्थापन गरिएको छ भने आचार संहिता विपरीत कार्य नभएको पाइएको छ ।

**प्यूठान प्रतिनिधि रविन्द्र पाण्डे**का अनुसार प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनको जिल्लाका २ सय २३ वटा मतदान केन्द्रमा मतदानको तयारी पूरा भएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ । सबै मतदान केन्द्रहरूमा मतदान अधिकृतहरुले विभिन्न राजनीतिक दलका प्रतिनिधिहरुको उपस्थितिमा सर्वदलीय बैठक सम्पन्न भएको छ ।

**रुपन्देही प्रतिनिधि रीमा बिसी**काअनुसार सुद्धोधन गाउँपालिकाका छुट्टाछुट्टै स्थानबाट प्रहरीले मदिरा सहित दुई ओटा गाडी नियन्त्रणमा लिएको छ । शुद्धोधन गाउँपालिका-१ बेलुवाबाट नम्बर प्लेट नभएको पिकअप गाडी र शुद्धोधन गाउँपालिका-५ खजुरियाबाट समान बोक्ने गाडीमा बियर र सोफी नामका मदिरा बरामद गरि नियन्त्रणमा लिइएको हो । निर्वाचन आचार संहिता अनुगमन अधिकृत विष्णु ज्ञवालीका अनुसार स्थानीयले मदिरा बोकेका पिकअप गाडी नियन्त्रणमा लिएर खबर गरेपछि घटनास्थल पुगेर १५, २० कार्टनु मदिरा पाइएको र गाडी सहित इलाका प्रहरी कार्यालय रन्यौरा, मुर्गियामा जिम्मा छ । स्थानीय युवाका अनुसार टाटाको पिकअप गाडीमा मतदातालाई प्रभावित पार्ने गरी नेपाली काङ्ग्रेसका कार्यकर्ताले वितरण गर्न मदिरा ल्याएको हो ।

**बर्दिया प्रतिनिधि मानबहादुर चौधरी**का अनुसार प्रतिनिधि तथा प्रदेश सभा सदस्य निर्वाचन सम्पन्न गर्नका लागि जिल्ला भरी निर्वाचन तयारी पूरा भएको छ । जिल्लाका १ सय ५४ मतदान स्थलका ३ सय ७६ मतदान केन्द्रमा मतदान अधिकृत सहित आवश्यक कर्मचारी र सुरक्षाकर्मी दुई दिन अघि नै पुगेर तयारीमा जुटेका थिए । जिल्लाका सबै उम्मेदवारले निर्वाचनको मौन अवधिमा कतै प्रचार प्रसारको गतिविधि गरेको पाइएन भने मतदान केन्द्र वरिपरि पनि दल र उम्मेदवारको झण्डा र चुनाव चिन्ह देखिएको छैन ।

**गुल्मी प्रतिनिधि टोपलाल अर्याल**का अनुसार निर्वाचनको सबै तयारी पूरा भएको मुख्य निर्वाचन अधिकृतको कार्यालय, गुल्मीले जनाएको छ । क्षेत्र नं १ र २ को निर्वाचनका लागि मतदान अधिकृत २ सय ७९, सहायक मतदान अधिकृत २ सय ७९, सहायक कर्मचारी १ हजार ३ सय ८९ र सहयोगी २ सय ७९ गरेर २ हजार २ सय २६ र ३ हजार बढी सुरक्षाकर्मी परिचालन भएका छन् । निर्वाचन टोलीले मतदान स्थल निर्माण र सर्वदलीय छलफल सम्पन्न गरेका छन् । जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारी पुण्यविक्रम पौडेलले जिल्लाका निर्वाचन विरोधी कुनै पनि काम नभएको र सुरक्षा व्यवस्था कडा पारिएको बताउनु भयो ।

**कपिलवस्तु प्रतिनिधि पार्वती आचार्य**का अनुसार निर्वाचन आचारसंहिता उल्लङ्घन गर्दै मादक पदार्थ सेवन गरेको आरोपमा कपिलवस्तु निर्वाचन क्षेत्र नं ३ (ख)को कृष्णनगर नगरपालिका ४ स्थित श्री गणेश आधारभूत विद्यालयका मतदान अधिकृतको जिम्मेवारी लिएका वेदप्रसाद पन्थीलाई मङ्सिर २ गते पदमुक्त गरिएको छ । पदीय मर्यादा विपरीत कार्य गरेको भन्दै निर्वाचन अधिकृत वेदप्रसाद पन्थीलाई पदमुक्त गरिएको हो । निर्वाचन अधिकृतको कार्यालय, चन्द्रौटाका निर्वाचन अधिकृत प्रकाश मरासिनीको नेतृत्वमा गएको अनुगमन टोलीले पन्थीलाई पदमुक्त गरेको हो । पन्थीलाई कात्तिक २२ गतेदेखि मतदान अधिकृत पदमा नियुक्त गरिएको थियो ।

कपिलवस्तु निर्वाचन क्षेत्र नम्बर ३ का निर्वाचन अधिकृत मरासिनीका अनुसार अधिकृत पन्थीले निर्वाचनको कार्य सम्पादन गर्दा उच्चस्तरको नैतिक आचरण विपरीत कार्य गर्नुका साथै मादक पदार्थ सेवन गरी निर्वाचनमा खटिएका कर्मचारीलाई अपशब्द प्रयोग गरेको हुनाले मतदान अधिकृतको जिम्मेवारीबाट पदमुक्त गरिएको बताउनु भयो । प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्देशिका २०७९ दफा ८३ (१) बमोजिम पन्थीलाई पदमुक्त गरिएको उहाँले बताउनु भयो । उक्त मतदान केन्द्रमा

यमलाल न्यौपानेलाई मतदान अधिकृत पदमा नियुक्त गरिएको निर्वाचन अधिकृत मरासिनीले बताउनु भयो ।

**त्यसैगरी** मौन अवधि सुरू भएर मतदान स्थलमा निर्वाचनको तयारी भइसक्दासमेत निर्वाचन क्षेत्र नं.३ को कृष्णनगर क्षेत्रमा जनता समाजपार्टी नेपाल, नेपाली कांग्रेसको लोकतान्त्रिक गठबन्धन, नेकपा एमाले लगायतका उम्मेदवारहरूको पर्चा पम्प्लेट, झण्डाहरू मतदान केन्द्रको नजिककै लगाइएको पाइएको छ । अनुगमनको क्रममा मतदान केन्द्रहरूमा व्यवस्थापनको तयारी भइहेको र केही स्थानहरूमा साघुँरो रहेको पाइयो ।

## कर्णाली प्रदेश

**सुर्खेत जिल्ला प्रतिनिधि प्रभा रावतका अनुसार** मङ्सिर ४ गते प्रदेश तथा प्रतिनिधिसभा निर्वाचनका लागि आवश्यक सम्पूर्ण तयारी पुरा भएको निर्वाचन आयोगले जनाएको छ । निर्वाचनमा हुनसक्ने आवाञ्छित घटनाका विषयमा अनुगमन तथा निरिक्षणका लागि सुर्खेतमा टोली समेत खटाइएको छ । मतदानस्थल वरपर सुरक्षा व्यवस्था कडा पारिएको डीआइजी पोषराज पोखरेल बताउनुभयो ।

**कालीकोट जिल्ला प्रतिनिधि कालीबहादुर मल्लकाअनुसार** कालीकोट जिल्लाको रास्कोट नपा-७ निवासी कालीकोट जिल्ला प्रतिनिधिसभा प्रत्यक्षतर्फका स्वतन्त्र उम्मेदवार ५५ वर्षीय कासीचन्द्र बराललाई माओवादी केन्द्रका कार्यकर्ताले आक्रमण गरेका छन् । आफ्नो गाउँनजिकै दलित बस्तीमा एक घरमा बसिरहेको अवस्थामा माओवादी केन्द्र निकट वाइसीएल जिल्ला सदस्य ध्वजबहादुर शाहीको नेतृत्वमा आएको ११ जनाको समूहले आक्रमण गरेको पीडितले इन्सेक प्रतिनिधिलाई टेलिफोनमा जानकारी गराउनु भएको छ । दलित बस्तीमा बसिरहेको अवस्थामा माओवादी केन्द्रका उम्मेदवार महेन्द्र शाहीको विरुद्धमा चुनावमा स्वतन्त्र उम्मेदवार हुने भन्दै आक्रमण गरेको आरोप पीडित बरालको रहेको छ ।

**हुम्ला जिल्ला प्रतिनिधि नन्द सिंहकाअनुसार** मङ्सिर ४ गतेहुने प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनका लागि अव एक दिन मात्रै बाँकी रहेको छ । एक दिन मात्रै बाँकी रहँदै गर्दा जिल्लाका विभिन्न मतदान केन्द्र र मतगण्ना स्थलको घेरबार कार्य सम्पन्न भएको छ । मंसिर ३ गते जिल्लाका ५९ वटा स्थायी, एउटा अस्थायी मतदान केन्द्र र एउटा सदरमुकाम सिमकोटको मतगणना स्थलको घेरबार कार्य सम्पन्न भएको मुख्य निर्वाचन अधिकृत दिल प्रसाद सापकोटाले बताउनु भएको छ ।

**जुम्ला जिल्ला प्रतिनिधि मानदत्त रावलकाका अनुसार** मङ्सिर ४ गते हुने प्रतिनिधि र प्रदेशसभा निर्वाचनका लागि सबै मतदाता गाउँ फर्केका छन् । निर्वाचन आउन एक दिन मात्र बाँकी रहँदा मतदान गर्न मतदाता गाउँ फर्केका हुन् ।  मतदान गर्ने दिन नजिकिँदै गर्दा सहरलाई अस्थायी थलो बनाएका मतदाता गाउँ फर्कने गरेका हुन् ।

**डोल्पा जिल्ला प्रतिनिधि विष्णु प्रसाद देवकोटाका का अनुसार** उपल्लो डोल्पाको शे फोक्सुण्डो गाउँपालिका वडानम्वर ६ मा पर्ने फोत गाउँको वडा कार्यालयमा रहेको मतदान केन्द्रमा मतदान गर्ने मतदाताको संख्या ३४ रहेको छ । मुख्य निर्वाचन अधिकृत तथा जिल्ला न्यायधीश बाबुराम सुवेदीका अनुसार फोत वडा कार्यालयमा रहेको मतदान केन्द्रमा १८ पुरुष १६ महिला गरि ३४ मतदाता छन । नेपालमा सबैभन्दा पछाडि पत्ता लागेको बस्तीको रुपमा रहेको भिजेरको फोत गाउँमा रहेको मतदान केन्द्र सबैभन्दा कम मतदाता भएको केन्द्र हो । डोल्पामा ६६ ओटा स्थायी र २ अस्थायी गरी ६८ ओटा मतदान केन्द्र छन् । जिल्लाको मतदाताको संख्या २२ हजार ७७४ रहेको छ ।

**जाजरकोट जिल्ला प्रतिनिधि दिनेश श्रेष्ठका अनुसार मङ्सिर ४ गते** हुने प्रतिनिधि र प्रदेशसभा निर्वाचन जाजरकोटमा रहेका ८८ मतदान स्थलका १ सय ४३ मतदान केन्द्रमा निर्वाचनको लागि मतदान गर्न घेराबार बनाउने र मतदाताले मतदान गर्नका लागि सम्पूर्ण तयारी पूरा गरेको निमित्त जिल्ला निर्वाचन अधिकारी नवीन कठायतले बताउनु भयो ।

## सुदूरपश्चिम प्रदेश

**इन्सेक अछाम जिल्ला प्रतिनिधि शिवराज ढुङ्गाना**का अनुसार प्रतिनिधि तथा प्रदेशसभा सदस्य निर्वाचन-२०७९ अन्तर्गत मतदानका लागि जिल्लाका २ सय ८ ओटै मतदान केन्द्रमा मतदातालाई सहज रुपमा मतदान गर्नका लागि तोकिएका स्थानमा बुथ केन्द्रको निर्माण सम्पन्न गरिएको जिल्ला निर्वाचन कार्यालयका सूचना अधिकारी गजेन्द्रप्रकास थारुले जानकारी दिनुभयो । मतदातालाई सहज, शान्त र व्यवस्थित रुपमा मतदान गरेर फर्किनका लागि जिल्लाका ९१ वडाका २ सय ८ स्थानमा महिला र पुरुषको अलग लाइन हुने गरेर बुथ निर्माण गरिएको छ । **यसैगरी** मतदानको ४८ घण्टा अगाडिको समयमा उम्मेदवारले प्रचारप्रसार गर्न नपाउने निर्वाचन आयोगको आचारसंहिता भएपनि राजनीतिक दलका कार्यकर्ताले सामाजिक सञ्जालमा उम्मेदवारको फोटो राखेर प्रचारप्रसारको काम जारी राखेको पाइएको छ ।

**इन्सेक बैतडी जिल्ला प्रतिनिधि नरी बडुकाअनुसार** जिल्लामा निर्वाचनको सम्पुर्ण तयारी पूरा भएको छ । भोलि हुने प्रतिनिधि र प्रदेशसभा निर्वाचनको सबै मतदान केन्द्रहरुमा बुथ निर्माण, सर्वदलीय बैठक लगायतका कामहरु पूरा भएको मुख्य निर्वाचन अधिकृत जयानन्द पनेरुले बताउनु भयो ।

**इन्सेक कञ्चनपुर जिल्ला प्रतिनिधि लिली कुँवर**का अनुसार जिल्ला निर्वाचन कार्यालयका प्रमुख उदयराज जोशीले मतदानका लागि खटिएका कर्मचारीहरुले मतदान केन्द्र निर्माण लगायतका कार्यहरु पुरा गरेको बताउनु भएको छ । मतदान केन्द्रमा पुगेका कर्मचारीहरुले अनुसूची अनुसारका सूचना जारी गर्ने, सर्वपक्षीय छलफल गर्ने, मतदान केन्द्र निर्माणका लागि आवश्यक सामग्रीहरुको जोहो गर्ने र मतदान केन्द्र निर्माण गर्ने काम सम्पन्न गरेका छन् । नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना र म्यादी प्रहरी पनि निर्वाचनको सुरक्षाका लागि खटिएको जिल्ला प्रहरी कार्यालयका डिएसपी चक्रबहादुर शाहले बताउनु भयो । निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्नका लागि शान्ति सुरक्षा व्यवस्था अत्यन्तै कडा पारिएको प्रमुख जिल्ला अधिकारी गोपालप्रसाद अर्यालले बताउनु भयो । तीन घेरामा मतदान स्थलको सुरक्षा प्रबन्ध मिलाएको र पहिलो घेरामा नेपाल प्रहरी र म्यादी प्रहरी, दोस्रो घेरामा सशस्त्र र बाहिर घेरामा सेनाले सुरक्षा दिने प्रमुख जिल्ला अधिकारी अर्याले बताउनु भयो ।

**इन्सेक दार्चुला जिल्ला प्रतिनिधि नरेन्द्रसिंह कार्की**का अनुसार प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचनमा जिल्लाका दुई ओटा मतदान केन्द्रको निर्वाचन गराउने जिम्मा महिला कर्मचारीलाई दिइएको छ । मात्र पाएका छन् । नमूनाको रुपमा जिल्लाका दुई केन्द्रमा महिलामात्रै कर्मचारी पठाइएको हो । महाकाली नगरपालिका-५ को अपि नाम्पा संरक्षण क्षेत्र केन्द्रको (क) र (ख) दुवै केन्द्रमा मतदान अधिकृतदेखि सहयोगीसम्म सबै महिला छन् । मुख्य निर्वाचन अधिकृत खेमराज भट्टका अनुसार जिल्लाकै नमूनाको रुपमा मतदान केन्द्रमा महिला कर्मचारीलाई मतदान गराउने जिम्मेवारी दिइएको हो ।
प्रमुख जिल्ला अधिकारी दीर्घराज उपाध्यायका अनुसार मतदानका लागि तीन तहको सुरक्षा घेरा बनाइएको छ । पहिलो घेरामा नेपाल प्रहरीर म्यादी प्रहरी, दोस्रो घेरामा सशस्त्र प्रहरी र तेस्रो घेरामा नेपाली सेनालाई राखिएको छ । जिल्लाभरी ५ सय २८ नेपाल प्रहरी, ८ सय २७ म्यादी प्रहरीसहित २ हजार बढी सुरक्षाकर्मी परिचालन गरिएको छ । जिल्लाभरीको मतगणना सदरमुकाम खलंगास्थित महेन्द्र नमुना माबिमा हुने भएकोले सीसी क्यामरा र तारजाली सहित मतगणनास्थल बनाएको मुख्य निर्वाचन अधिकृत भट्टले जानकारी दिनुभयो ।

**इन्सेक कैलाली जिल्ला प्रतिनिधि मैनामोती चौधरी**का अुनसार प्रतिनिधि सभा र  प्रदेश सभा सदस्य निर्वाचनको सम्पूर्ण तयारी पुरा भएको छ । जिल्लाका २ सय ३७ मतदानस्थलका ६ सय ३७ मतदान केन्द्रमा बुथ निर्माण गर्ने कार्य, सर्वपक्षीय बैठक बसेर स्वायम सेवक छानौट तथा परिचय पत्र वितरण कार्य लगायतका सम्पुर्ण तयारी पुरा भएको मुख्य निर्वाचन अधिकृतको कार्यालयका सूचना अधिकारी रामप्रसाद जोशीले बताउनु भयो ।

मानव अधिकार र सामाजिक न्यायका निम्ति
**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**
नागार्जुन नपा-१०, स्यूचाटार, पत्रमञ्जुषाः २७२६, काठमाडौं
फोनः ५२१८७७०, फ्याक्सः ५२१८२५१
इमेलः insec@insec.org.np, inseconline@insec.org.np
वेबसाइटः www.insec.org.np, www.inseconline.org